TUTA Journal Vol 9/10 (1), 2021/2022, ISSN : 2350-8892

# अस्तित्वको दाबीमा सबातको बैला उत्सव कवितामा लयविधान

**निर्मला ढकाल, विद्यावारिधि शोधार्थी, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय**
Email : nirmaladhakal165@gmail.com

**लेखसार**

प्रस्तुत लेख अस्तित्वको दाबीमा साबातको बैला उत्सब कवितामा लयविधानको विश्लेषण र निरूपणमा केन्द्रित छ। गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषणकेन्द्री ढाँचामा सम्पन्न भएको यस लेखको सैद्धान्तिक आधार लयविधान हो। लय कविता विधालाई साहित्यका अन्य विधाबाट अलग तुल्याउने विभेदक अभिलक्षण हो भने साहित्यको भाषापरक अध्ययन गर्ने सङ्कथन अध्ययनको एउटा क्षेत्र पनि हो। यस लेखको सैद्धान्तिक आधार भन्नु नै सङ्कथन अध्ययनसँग सम्बद्ध लयविधान हो। सङ्कथन अध्ययनले काव्यिक लयनिर्माणका लागि अनुच्छेद योजना र पङ्क्ति विन्यास, आवृत्ति–समानान्तरता, विचलन, लोप र लेख्यचिह्नको अहम भूमिकाका आधारमा काव्यिक लयको खोजी गर्ने अवधारणा निर्माण गरेको छ। प्रस्तुत अस्तित्वको दाबीमा साबातको बैला उत्सव कविता साङ्गीतिकता सिर्जना गर्ने सन्तुलित अनुच्छेद योजना र पङ्क्तिविन्यास अवलम्बन भएको समान र समध्वन्यात्मक ध्वनि/वर्ण/शब्द/पदावली/वाक्य तथा अन्तर्साङ्तीकता सिर्जना गर्नका लागि सिङ्गै अनुच्छेदको आवृत्ति भई संरचित कविता हो। यस लेखमा कवितामा अनुप्रासीयताको अभाव तथा संरचना, शैली र भावचिन्तनको प्रवाहमा साङ्केतिकतालाई अवलम्बन गरिएका कारण अधिकतम व्याकरणिक अतिक्रमण, विचलनयुक्त पङ्क्तिविन्यास तथा समुचित लेख्यचिह्नको प्रयोगले सुन्दर काव्यिक लयनिर्माण भएको विषयमा विमर्श भएको छ।

*शब्दकुञ्जी* : अनुच्छेद योजना, पङ्क्ति विन्यास, आवृत्ति–समानान्तरता, विचलन, लोप, लेख्यचिह्न

Articles information : Manuscript Receive : 19/11/2021, Review Date : 25/07/2022, Date of Acceptance : 10/12/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.
DOI : https://doi.org/10.3126/tutaj.v10i1.74317
Journal Homepage : https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख 'अस्तित्वको दाबीमा साबातको बैला उत्सब' कवितामा लयविधानको विश्लेषण र मूल्याङ्कनसँग सम्बन्धित छ। प्रस्तुत अस्तित्वको दाबीमा सबातको बैला उत्सव कविता वैरागी काइँलाद्वारा लिखित आयामेली दार्शनिकताको प्रतिबिम्बन भएको सशक्त गद्य कविता हो। प्रस्तुत कविता आधुनिक नेपाली कविता परम्परामा स्थापित तेस्रो धारअन्तर्गत प्रयोगवादी धाराकै अन्तर्यमा विकसित प्रयोगवादी धाराको दोस्रो शाखाका रूपमा स्थापित आयामेली काव्यधाराका संस्थापक तथा उन्नयनकर्ताका रूपमा पहिचान प्राप्त वैरागी काइँला ( तिलबिक्रम नेम्वाङ जन्म १९९६) को प्रतिनिधि कवितामध्येको एक हो। जीवनका त्रिआयामिक पक्षलाई कविताको अन्तर्वस्तुका रूपमा चित्रण गरिनुपर्दछ भन्ने मान्यताबाट प्रभावित यो कविता आयामेली चिन्तनको सशक्त प्रस्तुति भएको रचना हो। आयामेली आन्दोलनका आधारभूत स्थापनामा आधारित यस कवितामा पूर्वीयपाश्चात्य ऐतिहासिक तथा परामनोवैज्ञानिक लोकसंस्कृतिक विश्वासको माध्यमबाट समकालीन नेपाली समाजको सामाजिक राजनीतिक सन्दर्भमाथि टिप्पणी भएको छ। मुक्त लयमा संरचित यस कवितामा लयात्मकता सिर्जना गर्नका लागि अवलम्बन भएको ध्वनि/वर्ण/शब्द/पदावली/वाक्य तथा अन्तर्साङ्गीतिकता सिर्जना गर्नका लागि सिङ्गै अनुच्छेदको आवृत्ति भई संरचना निर्माण भएकाले यो लयविधानका दृष्टिले अध्ययनीय सामग्री हो।

विशिष्ट कलात्मक भाषिक प्रयोजनसँग सम्बन्धित सृजनात्मक अभिवृत्तिको रागात्मक अभिव्यञ्जना हुने कवितालाई अन्य सिर्जनात्मक विधाबाट पृथक तुल्याउने तत्त्व लय हो । कवितामा लयको निर्माण कसरी भएको छ भन्ने बुनोटपक्षको अध्ययन गर्ने पद्धति वा प्रक्रिया लयविधान हो । काव्यिक सङ्कथन अन्य सिर्जनात्मक सङ्कथनबाट विभेदक लय र लयविधानको प्रक्रिया यसको स्थानिक तत्त्व हो । लयकै कारण कवितालाई पद्य तथा कविताइतरका विधा गद्य रहने विधासिद्धान्तले स्थापित गरेको मान्यताका कारण कविता, गीत, गजल आदि उपविधाका सन्दर्भमा यो निजी वा स्थानिक तत्त्व हो । लयकै आधारमा साहित्यका अन्य विधाका तुलनामा कविताविधामा साङ्गीतिकता, अन्तर्साङ्गीतिकता तथा श्रुतिमाधुर्यको मापन हुने भएकाले यो काव्यिक सङ्कथनको निर्मापक एकाइ पनि हो । कवितामा कलात्मकताका अतिरिक्त भावात्मक रागात्मक तुल्याउनुका अतिरिक्त गेयात्मक तुल्याउन लयको अनिवार्यता सिद्ध छ भने यो भावगत गहिराई निर्माण गर्ने शैलीतत्त्व पनि हो । कविताको अन्तर्वस्तुलाई विशिष्ट तुल्याई पाठकलाई हृदयसंवेद्य प्रभाव सिर्जना गर्न अपरिहार्य माननि लयको निर्माण भाषिक ध्यनि, वर्ण शब्द तथा वाक्य आदिमा हुने गति, प्रवाह, यति, विरामको क्रमबद्ध सङ्घातबाट निर्माण हुन्छ भने उयर्पुक्त प्रक्रियाबाट निर्माण हुने साङ्गीतिक प्रवाह यसमा प्रभाव सिर्जना गर्ने माध्यम हो ।

प्रस्तुत लेखले उठान गरेको प्रमुख समस्या भन्नु नै अस्तित्वको दाबीमा साबातको बैला उत्सब कवितामा अवलम्बन भएको लयको निरूपण हो । मूलतः प्रस्तुत लेख उपर्युक्त कविताको रचनाका क्रममा अवलम्बन भएका अनुच्छेद योजना र पङ्क्तिविन्यास, आवृत्ति–समानान्तरता, विचलन, लोप र लेख्यचिह्नका आधारमा कुन रूपमा लयको संयोजन भएको छ ? भन्ने जिज्ञासाको समाधान नै हो । कवितालाई लयात्मक तुत्याउन लयनिर्धारण गर्ने उपर्युक्त प्रतिमानले कसरी भूमिका खेलेका छन् भन्ने जिज्ञासा र त्यसको समाधानमा केन्द्रित छ । यस लेखको प्रमुख उद्देश्य कविता रचनाका क्रममा आएका लय निर्मापक प्रतिमानका आधारमा लयसौन्दर्यको विश्लेषण, मूल्याङ्कन र अर्थापन नै यस लेखको मुख्य उद्देश्य पनि हो । कवितामा लयसौन्दर्य र त्यसका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने विषयमा अध्ययन गर्न चाहने अध्येता, पाठक तथा जिज्ञासुका लागि पूरक सामग्री रहने यस लेखको प्राज्ञिक औचित्य पनि पुष्टि हुन्छ भने लयविधानका अतिरिक्त अन्य काव्यतत्त्वका आधारमा विश्लेषण नगरिनु यस लेखको सीमाङ्कन हो ।

## शोधविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ भने 'अस्तित्वको दाबीमा साबातको बैला उत्सब' कविताको लयविधानका कोणबाट विश्लेषण हुने भएकाले यो पाठविश्लेषणकेन्द्री अनुसन्धान हो । यस लेखको सामग्रीको स्रोत पुस्तकालय हो । यस लेखका सामग्रीको सङ्कलन पुस्तकालयबाटै भएको छ । पुस्तकालयीय स्रोतभित्रै प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग भएको यस लेखमा प्राथमिक स्रोतअन्तर्गत उपर्युक्त कविता द्वितीयक स्रोतअन्तर्गत लयव्यवस्थासम्बद्ध सैद्धान्तिक पक्षसम्बद्ध सामग्रीको उपयोग भएको छ । विषयगत आधारमा सामग्रीको व्यवस्थापन र अर्थापनका लागि विश्लेषणात्मक विधिको उपयोग भएको छ ।

## सैद्धान्तिक आधार

कविता लयात्मक साहित्यिक विधा हो । कवितालाई साहित्यका अन्य विधाबाट धिन्न तुल्याउने विधेदक अभिलक्षणका रूपमा लयलाई लिईन्छ । कवितामा लयको अनिवार्यताकै कारण यो साहित्यका अन्यविधाका तुलनामा रागात्मक, भावात्मक, कलात्मक र गेयात्मक विधा मानिन्छ । कविताको अनिवार्य र स्थानिक तत्त्वका रूपमा लयको भूमिका विशिष्ट रहेको छ । कवितामा बिना लय काव्यिक सङ्गीत, अन्तर्सङ्गीत र श्रुतिसुखद् अवस्थाको सिर्जना नहुने भएकाले लयात्मकताविहीन रचनालाई ठोस तथा लयप्रधान रचनालाई तरल अभिव्यक्ति मानिन्छ । कवितामा लयसम्बन्धी सैद्धान्तिक अभिमतलाई संश्लेषण गर्दा लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका समान–असमान वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको पङ्क्तिपङ्क्तिका विश्राम, यति र चिह्नद्वारा सृजित आलङ्कारिकता हो

(त्रिपाठी र अन्य, २०४६, पृ. १८, अब्राम्स, सन् २००७, पृ. २७३, चाइल्ड र फाउलर, सन् २००५, पृ. २०७, बल्डिक, सन् २००५, पृ. २१९, (मुलर, १९५३, पृ. २०५, कडन, सन् २०१३, पृ. ६०८, थापा, २०६६, पृ. ५१, शर्मा, २०५५, पृ. १७५, गौतम, २०७६, पृ. ५७५, एटम, २०७४, पृ. २०४) । कवितामा लयको स्थान, आवश्यकता, औचित्य तथा अपरिहार्यताका सम्बन्धमा निर्माण भएका सैद्धान्तिक मतबाट यो काव्यिक निर्मितिको अभिन्न र स्थानिक तत्त्व रहेको तथ्यको पुष्टि हुन्छ । लयका विभिन्न स्वरूप अन्तर्गत मूलभूत रूपमा नियमिल लयविधान अर्थात् पद्य र मुक्तलयका गद्य स्वरूपको स्थान तथा तिनमा लयनिर्मितिको आधारसम्बन्धी मत पनि स्थापित रहेको छ । कवितामा लयसम्बन्धी यस सिद्धान्तका आधारमा 'अस्तित्वको दाबीमा साबातको बैला उत्सव' कविताको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## नतिजा र विश्लेषण

प्रस्तुत 'अस्तित्वको दाबीमा सबातको बैला उत्सव' कविता सर्वप्रथम रूपरेखा पूर्णाङ्क ३८ (२०२१) मा प्रकाशित भई वैरागी काइँलाका कविता (२०३१)मा सङ्गृहित भई पुनप्र्रकाशित भएको कविता हो । मुक्तलयमा संरचित यस कवितामा लयात्मक अन्तर्साङ्गीतिकता सिर्जना गर्न अनुच्छेद योजना र पङ्क्तिगत विन्यास, आवृत्ति/समानान्तरता, विचलन, लोप र लेख्यचिह्नको प्रभावकारी भूमिका छ । उपर्युक्त तत्त्वले कवितामा लययात्मकता सिर्जना गर्न के कस्तो भूमिका निर्माण गरेका छन् भन्ने विषयको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## अस्तित्वको दाबीमा सबातको बैला उत्सव कवितामा अनुच्छेद योजना र पङ्क्तिविन्यास

कवि काइँलाको प्रस्तुत कविता ९ खण्ड, ५० अनुच्छेद, १७८ पङ्क्ति र ७३७ शब्दमा विभाजित भई बृहत् संरचनात्मक आयाम भएको फुटकर कविता हो । यस कविताको पहिलो खण्ड २० अनुच्छेदमा संरचित रहेको छ । पविताको पहिलो अनुच्छेद समान तीन शब्द भएका दुई पङ्क्तिमा संरचित रहेको छ । तीन पङ्क्तिमा संरचित दोस्रो अनुच्छेदका पहिलो २, दोस्रो ५ र तेस्रो ५ शब्दमा संरचित छ । तेस्रो अनुच्छेदका ३ पङ्क्ति मध्ये पहिलो ५, दोस्रो ५ र तेस्रो ६ शब्दमा संरचित छन् । चौथो अनुच्छेदका आठ पङ्क्ति क्रमशः पहिलो ३, दोस्रो ६, तेस्रो ४, चौथो ४, पाँचौं ४, छैठौं ५, सातौं ४ र आठौं पङ्क्तिमा ६ शब्द रहेका छन् । पाँचौं अनुच्छेद पहिलो अनुच्छेदकै आवृत्तिका रूपमा आएको छ भने छैठौं अनुच्छेका ३ पङ्क्ति क्रमशः पहिलो ७, दोस्रो ७ र तेस्रोमा ४ शब्द रहेका छन् । सातौं अनुच्छेद एक पङ्क्ति र ४ शब्दमा संरचित छ भने आठौं अनुच्छेदका ५ पङ्क्तिमध्ये पहिलो ५, दोस्रो ५, तेस्रो २, चौथो ५, पाँचौं ४ शब्दमा संरचित छन् । नवौं अनुच्छेद १ पङ्क्ति र ७ शब्दमा निर्मित छ भने दशौं अनुच्छेदका ३ पङ्क्ति क्रमशः पहिलो ६, दोस्रो २ र तेस्रो ४ शब्दको संयोजनबाट बनेका छन् । एघारौं अनुच्छेद पहिलो अनुच्छेदकै आवृत्ति हो भने बाह्रौं अनुच्छेदका ५ पङ्क्तिमा पहिलो ८, दोस्रो ८, तेस्रो ३, चौथो ५ र पाँचौं पङ्क्तिमा ५ शब्द संयोजन भएको छ । तेह्रौं अनुच्छेद सातौं अनुच्छेदको आवृत्ति रहेको यस कविताको चौधौं अनुच्छेदमा ४ पङ्क्ति छन् जसमा पहिलो २, दोस्रो ४, तेस्रो र चौथो समान तीन शब्दमा संरचित रहेका छन् । पन्ध्रौं अनुच्छेद १ पङ्क्ति र ५ शब्द रहेका छने भने सोह्रौं अनुच्छेदका ४ पङ्क्तिमध्ये पहिलो ३, दोस्रो ३, तेस्रो १ र चौथोमा ६ शब्द संयोजित रहेका छन् । सत्रौं अनुच्छेद पहिलो अनुच्छेदकै आवृत्ति हो भने अठारौं अनुच्छेद १ पङ्क्ति र २ शब्द तथा उन्नईसौं अनुच्छेदका ४ पङ्क्तिमा पहिलो ६। दोस्रो २, तेस्रो ३ र चौथो ४ शब्दमा संरचित छन् । कविताको बीसौं अनुच्छेद साह्रौं आुच्छेदको पछिल्ला दुई पङ्क्तिकै आवृत्ति हो भने एक्काईसौं अनुच्छेद १ पङ्क्ति र २ शब्दमा संरचित रहेको छ ।

कविताको दोस्रो खण्ड ६ अनुच्छेदमा विभाजित रहेको छ । पहिलो अनुच्छेदका ६ पङ्क्तिमध्ये पहिलो १, दोस्रो ४, तेस्रो १, चौथो ५, पाँचौं ५ र छैठौं ६ शब्दमा संरचित रहेका छन् । दोस्रो अनुच्छेदका ५ पङ्क्ति क्रमशः पहिलो ३, दोस्रो ४, तेस्रो ५ र चौथो ५ शब्दमा तथा तेस्रो अनुच्छेद १ पङ्क्ति र ३ शब्दमा संरचित छ । ५ पङ्क्तिमा संरचित चौथो अनुच्छेदको पहिलो ३, दोस्रो ४, तेस्रो ४, चौथो ३ र पाँचौं पङ्क्ति ६ शब्मा संरचित रहेका छन् । कविताको तेस्रो खण्ड २ अनुच्छेदमा स.रचित छ जसको पहिलो अनुच्छेदको पहिलो २, दोस्रो ३ र तेस्रो ६ शब्द तथा दोस्रो अनुच्छेदका

८ पङ्क्ति क्रमशः पहिलो २, दोस्रो ३, तेस्रो ६, चौथो ४ पाँचौं, छैठौं र सातौं समान १ तथा आठौं पङ्क्तिमा ५ शब्द रहेका छन् । कविताको चौथो खण्ड ११ अनुच्छेदमा विभाजित रहेको छ । पहिलो अनुच्छेदका ४ पङ्क्तिमध्ये पहिलो १, दोस्रो १०, तेस्रो ६ र चौथो ५ तथा दोस्रो अनुच्छेदका ४ पङ्क्तिमा पहिलो ४, दोस्रो ४, तेस्रो ५ र चौथो ३ शब्दमा संरचित रहेका छन् । तेस्रो अनुच्छेदका २ पङ्क्ति समान ६ शब्द तथा चौथो अनुच्छेद १ पङ्क्ति र १ शब्दमा संरचित रहेको छ । पाँचौं अनुच्छेदका ३ पङ्क्तिमा पहिलो १, दोस्रो ७ र तेस्रो ८ छैठौं अनुच्छेद १ पङ्क्ति १ शब्द तथा सातौं अनुच्छेदका ३ पङ्क्तिमध्ये पहिलो ४, दोस्रो ५ र तेस्रो ६ शब्द एवं आठौं अनुच्छेदको १ पङ्क्ति र ३ शब्द रहेको छ । नवौं अनुच्छेदका ११ पङ्क्ति क्रमशः पहिलो २, दोस्रो ५, तेस्रो २, चौथो ३, पाँचौं ५, छैठौं ३, सातौं ७, आठौं २, नवौं ५, दशौं २, र एघारौं ६ शब्द तथा दशौं अनुच्छेदका ७ पङ्क्तिमध्ये पहिलो १, दोस्रो ४, तेस्रो ५, चौथो, पाँचौं, र छैठौं १, सातौं पङ्क्ति २ शब्दमा संरचित रहेका छन् । पाँचौं खण्ड २ अनुच्छेदमा विभाजित छ जसको पहिलो अनुच्छेदका ७ पङ्क्ति क्रमशः पहिलो ७, दोस्रो ५, तेस्रो ५, चौथो ६, पाँचौं ७, र छैठौं २ र सातौं ५ तथा दोस्रो अनुच्छेदका १२ पङ्क्तिहरू पहिलो ४, दोस्रो ५, तेस्रो २, चौथो ३, पाँचौं ५, छैठौं ३, सातौं ७, आठौं २, नवौं ५, दशौं २, र एघारौं ६ पहिलो २, दोस्रो ६, तेस्रो ६, चौथो ४, पाँचौं ४, छैठौं ६, सातौं ६, आठौं ५, नवौं ६, दशौं ६, र एघारौं ७ र बाह्रौं ४ पङ्क्ति रहेका छन् । छैठौं खण्ड १ अनुच्छेद र ६ पङ्क्तिमा संरचित छ जसका पहिलो १, दोस्रो ५, तेस्रो ३, चौथो ५, पाँचौं ४ र छैठौंमा ४ शब्द रहेका छन् । सातौं खण्डका ३ अनुच्छेदमध्ये पहिलो अनुच्छेदका ३ पङ्क्ति क्रमशः पहिलो २, दोस्रो ४, तेस्रो ५ शब्द, दोस्रो अनुच्छेदका ३ पङ्क्तिमा पहिलो ६, दोस्रो ५ र तेस्रो ५ तथा तेस्रो अनुच्छेदका २ पङ्क्तिहरू पहिलो ५ र दोस्रो ७ शब्दमा संरचित छन् । आठौं खण्डका २ अनुच्छेदमध्ये पहिलो अनुच्छेदका ८ पङ्क्तिमा पहिलो ३, दोस्रो ६, तेस्रो ३, चौथो ७, पाँचौं २, छैठौं ५, सातौं ४ र आठौंमा ५ शब्द तथा दोस्रो अनुच्छेदका २ पङ्क्तिमा एकै शब्दको आवृत्ति रहेको छ । कविताको नवौं खण्ड एकअनुच्छेदका ४ पङ्क्तिमा संरचित छ जसमा पहिलो ४, दोस्रो ५, तेस्रो ६ र चौथो ४ शब्दमा संरचित रहेका छन् । यसप्रकार उपर्युक्त तथ्यका आधारमा यस कवितामा शब्दगत र पङ्क्तिगत वितरण असमान, अनियमित र विविधतापूर्ण रहेको देखिन्छ । यो शास्त्रीय नियमको वर्णगत समानता र अनुप्रासमा आबद्ध नभई स्वतन्त्र तहबाट लयको संयोजन गरिएको मुक्तलयात्मक काव्यिक संरचना मान्न सकिन्छ । कविले कविताको सिर्जना गर्दा अकारण र निरूद्देश्य वाक्यहरूलाई खण्डित गरी पङ्क्तिहरूको अनियमित विन्यास गरिएको नभई यस विन्यासले काव्यिक भाव प्रवाहलाई निर्देशित गर्न तथा कवितामा विद्यमान लयात्मकतालाई पृष्ठपोषण गर्न सहयोगी सिद्ध बनेको छ । यस कविताको लेखाइमा अनियमितता भए पनि काव्यिक वाचनका सन्दर्भमा लय सङ्कुचन र लयविस्तारका कारण समान रूपमा सुनिन्छ । कविनिबद्ध वक्ता म अर्थात् समाख्याताका

**अस्तित्वको दाबीमा सबातको बैला उत्सव कवितामा आवृत्ति–समानान्तरता**

आवृत्ति वा समानान्तरता लयविधानको महत्त्वपूर्ण आधार हो । काव्यिक सङ्कथनमा दोहोरिएर आउने समान वर्ण, समान शब्द, पदावली, वाक्यांश, वाक्य र अनुच्छेद प्रयोग हुनु वा आउनु आवृत्ति हो । आवृत्तिले काव्यिक सङ्कथनमा आद्यानुप्रास, मद्यानुप्रास र अन्त्यानुप्रासको भूमिका निर्वाह गर्नुका साथै कवितामा वर्ण, शब्द/पद, पदावली र वाक्य जस्ता भाषिक एकाइको आवृत्तिबाट विशेष प्रकारको ध्वनिसङ्गीत र लयात्मकताको निर्माण हुन्छ । यसप्रकार निर्मित ध्वनिसङ्गीत र लयात्मकताले आन्तरिक र बाह्य समानान्तरताको स्थापना तथा आनुप्रासीयतामा बृद्धि भई लयात्मकता र अन्त्साङ्गीतिकता निर्माण भएको हुन्छ । प्रस्तुत कवितामा लघुत्तम भाषिक एकाइ ध्वनि/वर्णका तहबाट हेर्दा स्वर वर्णअन्तर्गत /उ/ ४५ पटक, /आ/ ३३ पटक, /ए/ र /इ/ २१ पटक, /अ/ २० पटक, /ई/ १३ पटक, /ऊ/ ९ पटक, /ओ/ ४ पटक र /ऐ/ ३ पटक आवृत्ति भएका छन् भने व्यञ्जन वर्णअन्तर्गत /र/ २२३ पटक, /क/ १५४ पटक, /ल/ १२८ पटक, /म/ ११६ पटक, /ह/ ११३ पटक, /न/ १०२ पटक, /स/ ७९ पटक, /प/ ७६ पटक, /त/ ७१ पटक, /ब/ ७० पटक, /य/ ६९ पटक, /ट/ ५९ पटक, /छ/ ५५ पटक, /च/५३ पटक, /द/ ५३ पटक, /झ/ ४८ पटक, /ङ/ ४१ पटक, /ज/४० पटक, /ख/,/ग/,/भ/ र /व/ ३८ पटक, /फ/ २७ पटक, /ड/ २५ पटक, /थ/ र /श/ १६ पटक, /ध/ १२ पटक, /घ/

१० पटक, /ढ/ ८ पटक, /ठ/ ७ पटक, /ण/ ६ पटक, /त्र/ ६ पटक, र /क्ष/ ४ पटक आवृत्ति भएका छन् भने कवितामा /ञ/ र /ष/ वर्णको प्रयोग अद्र्धवर्णका रूपमा भएको छ। यसै गरी संयुक्त वर्णमा सबैभन्दा बढी /ङ्ग/ ९ पटक, /द्ध/ र /मृ/ ६ पटक, /प्र/ ५ पटक, /क्र/, /ग्र/ र /म्र/ ४ पटक, /ट्ट/ ३ पटक, /द्व/, र /द्र/ २ पटक आवृत्ति भएका छन्।

शब्दको तहबाट हेर्दा /झङ्/ ४१ पटक, /मान्छे/ ९पटक, /नाचौं/र /मासु/ ६ पटक, /गर्भ/, /हो/, /कि/, /जङ्गल/ जस्ता शब्द ५ पटक, /उम्रिऊन्/, /गर/, /ग्रहण/, /पातहरू/, /केवल/, /उफ्/, /ऐना/ जस्ता शब्द ४ पटक, /बैला/, /आफू/, /आह/, /टुक्राहरू/, /शून्य/, /पुजारिनी/, /डायनासिए, /मानिस/, /फुट्यो/, /जिन्दगी/, /ए/, /नोष्टालजिया/, जस्ता शब्द ३ पटक तथा /वरिपरि/, /विरूद्ध/, /भेटिनु/, /दौडिदै/, /आकेष्ट्रा/, /स्वाहाः/, /कौमार्य/, /खपटा/ , /आऊ/, /समर्पित/, /स्वास्नीमान्छे/, /आमिन/, /तिगेनजोङना/, /जोखाना/, /द्वन्द्व/, /उचालेर/, /इतिहास/, /पिट्दै/, /हिर्काउँदै/, /चुहिए/, /बीउहरू/, /तुहिए/, /हिजो/, /फुल/, /स्वत्रन्त्र/, /तिरोहन/, /तुहिएछ/, /बाँधाफल/, /बुद्धि/, /हाम्रो/, /बुमेरॉंग/, /यन्त्र/, /उचाइ/, /रोटी/, /चेप/, /ढुङ्गा/ , /मेरो/, /घर/ , /लुलो/, /कहाँबाट/ , /डाक्दछ/ , /त/, /डुबाऊ/, /चढाएर/, /साँप/ जस्ता शब्द २ पटक आवृत्ति भएका छन्। कविताको पहिलो खण्डमा बाँधेर, जन्तरले, हालेर, लम्बाइ, चौडाइ, उचाइ, बीजाक्षरहरूको र जिन्दगीको नाचौंनाचौं, आफू, विरूद्ध, दौडिंदै, उम्रिऊन्, दुश्मनहरू, क्रूरहरू, बैलाहरू, शून्यहरू, मासु, डुबाऊ, चढाएर, जिब्रोतिर, खेतभरि, ग्रहण, गर, जिब्रोले, अस्तित्वले, समग्रले, स्वास्नीमान्छे जस्ता शब्द, ग्रहण गर, उन्मत्त भैरव जस्ता पदावली र आऊ, समर्पित हुनुपर्दछ आत्माले शरीरले र समग्रले जस्ता वाक्यमा आएका समध्वन्यात्मक उच्चार भएका वाक्यात्मक एकाइको आवृत्तिले अनुप्रासीयता सिर्जना गरी कवितालाई लयात्मक र अन्तर्साङ्गीतिकता प्रदान गर्न अहम् भूमिका खेलेका छन्।

## अस्तित्वको दाबीमा साबातको बैला उत्सब कवितामा विचलन र लोप

प्रस्तुत कवितामा लयात्मकता सिर्जना गर्नका लागि अवलम्बन भएको विचलन र लोपलाई निम्नलिखित तालिकामा प्रस्तुत गरी तिनको अलगअलग उपशीर्षकमा खोलुवा गर्नु उपयुक्त ठहर्दछ।

| खण्ड/अनुच्छेद पङ्क्ति | विचलन | लोप |
|---|---|---|
| | | |
| खण्ड १<br>पहिलो अनुच्छेद<br>झङ् झङ् झङ्<br>झङ् झङ् झङ् | | |
| बाँधेर जन्तरले<br>लम्बाइ, चौडाइ र उचाइ रातको<br>रेखी हालेर बीजाक्षरहरूको, वरिपरि आयातन<br>जिन्दगीको | रातको लम्वाइ, चौडाइ र उचाइ जन्तरले बाँधेर राखेको छ। जिन्दगीको आयातन वरिपरि वीजाक्षरहरूको रेखी हालेर राखेको छ। | राखेको छ।<br>मैले राखेको छ।<br>म/हामी<br>म/हामी |
| बूढो रूखको झोल्लिएको लोतीभरि पाखामा<br>हामी जो छौं युक्लिप्टसका झ्याङहरू<br>नाचौं नाचौं– अकाल र बैलाहरूको विरूद्ध ! | जो युक्लिस्टसका झ्याङ्हरू झोल्लिएको बूढो रूखको पखामा हामी छौं।<br>नाचौं, हामी अकाल र बैलाहरूको विरूद्ध नाचौं। | हामी<br>हामी<br>नाचौं<br>नाचौं |
| शून्य ओछ्याएर खाटमाथि<br>फिलाहरूमा निद्रा चेपेर जो विस्मृत छौं<br>नाचौं नाचौं– अनस्तित्वको विरूद्ध !<br>खण्डहर खनेर क्षयग्रस्त हस्तिहाडमा<br>भाँच्चिएका चौकोसमा, माटाका खपटामा | जो खाटमाथि शुन्य ओछ्याएर फिलाहरूमा निन्द्रा चेपेर विस्मृत छौं।<br>माटाका खपटामा भाँच्चिएका चौकोसमा क्षयग्रस्त हस्तिहाडमा खण्डहर खनेर अनस्तित्वको विरूद्ध नाचौं। | हामी<br>नाचौं<br>धरतीका<br>सिर्जनाका, बजून्<br>आर्केष्टाका टुक्राहरू बजून् |

| | | |
|---|---|---|
| कतै भेटिनु आफू – भेटिनु आफू<br>कठबाँसको लिङ्ग वरिपरि मान्छे रोपेर<br>नाचौं नाचौं– आफैंभित्र पनि निर्वासनको विरूद्ध<br>! | कि कतै आफैं भेटिन्छ ।<br>कठवाँसको लिङ्ग वरिपरि मान्छे रोपेर आफैंभित्रको निर्वासनको विरूद्ध पनि नाचौं । | तिमी, तिमी<br>म<br>ती<br>तिमीबाट, ती<br>म<br>त्यो<br>दिन्छु<br>तिमी<br>म, यो<br>म<br>तिम्रो, को, चाटिदिन्छु<br>भिजाइदिन्छु ।<br>तिमी, तिमी<br>तिम्रो, ...लाई, तिम्रो शरीरबाट<br>को ओछयान<br>तिमीलाई<br>तिम्रो शरीरबाट<br>तिम्रो, कापबाट नदी, निस्किएजस्तै<br>त्यहीं<br>तिमीलाई तिम्रो<br>तिमी<br>हामी |
| झङ् झङ् झङ्<br>झङ् झङ् झङ् | | |
| पोथ्राहरूमा सङ्गीत दौडिँदै उम्रिऊन् दौडिँदै उम्रिऊन् उम्रिऊन्<br>पातहरू बर्सून् आर्केष्टाका टुक्राहरू आर्केष्टाका टुक्राहरू टुक्राहरू<br>पेपिरसका पातहरूमा पातहरूमा........ हरूमा ................ | पोथ्राहरूमा दौडिंदै सङ्गीत उम्रिऊन् ।<br>पेपिरसका पतहरूमा आर्केष्टाका टुक्राहरू बर्सुन् । | |
| ग्रहण गर ! ग्रहण गर | | |
| एक चपरी माटो अर्पण गर्दछु–<br>फुट्न लागेका कोपिलाले चेपेर कौमार्य !<br>हे ! डायनासिएस<br>तर्सिऊन् दुश्मनहरू ! दुष्टहरू क्रूरहरू !<br>अकाल र बैलाहरू ! शून्यहरू ! | फुट्न लागेका कोपिलाले कौमार्य चेपेर एक चप्परी माटोमा अर्पण गर्दछु त्यो ग्रहण गर ।<br>हे ! डायनासियस दुष्मनहरू, शुन्य, दुष्ट र क्रुरहरू तथा अकाल र बैलाहरू तर्सिऊन ।<br>लेउ चटाएर हरियो भ्यागुतोमा भाइलोसको फिलिपलाई भोग दिन्छु । | |
| ॐ नमः काल स्वाहाः शत्रु भस्मीकुरू स्वाहाः | | |
| म लेउ चटाएर हरियो भ्यागुतामा भोग दिन्छु<br>त्यो भाइलोसको फिलिपलाई–<br>आउँदो इतिहासलाई हिजोको भाकल ! | | |
| झङ् झङ् झङ्<br>झङ् झङ् झङ् | | |
| मासु मासु मासुले डुबाऊ अङ्कमालले चुर्लुम्म बलियो डुबाऊ !<br>उनिदिन्छु आफू र चोखो बैंस तिम्रो पुरूषमा !<br>झ्यासका फूलहरू चढाएर<br>सिन्दूर चाटेर निधारको र जिब्रोतिर !<br>म मासु मासु भिजिदिन्छु खेतभरि................. | बलियो मासु अङ्कमालले चुर्लुम्म डुबाऊ ।<br>म आफू र चोख्खो बैस झ्यासको फूल चढाएर तिम्रो पुरूषमा उनिदिन्छु ।<br>म खेतभरि निधार र जिब्रोतिर सिन्दूर चाटेर भिजिदिन्छु । | |
| ग्रहण गर ! ग्रहण गर ! | | |
| आलो कौमार्य ! मूल फुटोस् ।<br>धरती ओछयाएर कोठाभरि भुइँमा................<br>चाट्दै बोकाको जिब्रोले...................<br>आह ! मूल फुटोस् .................. | आह ! कोठाभरि भुइँमा धरती ओछयाएर बोकाको जिब्रोले चाट्दै मूल फुटोस् । | |
| कापकापबाट पृथ्वीको पड्किँदै उम्रिऊन्– बाग्मती ! | पृथ्वीको कापकापबाट पड्किंदै बाग्मती उम्रिऊन् । | |
| शून्यको खपटा फुटाएर<br>चियाओस् चुच्चो— अस्तित्वले ! | अस्तित्वको चुच्चोले शून्यको खपटा फुटाएर आऊ ।<br>आत्मा शरीर र समग्रले समर्पित हुनुपर्दछ । | |
| आऊ—<br>समर्पित हुनुपर्दछ आत्मकले र शरीरले, समग्रले | | |
| झङ् झङ् झङ् | | |

| | | |
|---|---|---|
| झङ् झङ् झङ् | | |
| उन्मत्त भैरव | | हे ! |
| काखमा टेबलमाथि मृगासन लिपेर पस्किन्छ स्वास्नीमान्छे | | तिम्रो |
| उन्मत्त भैरव<br>जिब्रोले टिपेर चाट्दछ<br>काठमाडौंका हरेक स्वास्नीमान्छेलाई, भोग्दछ ; | उन्मत्त भैरव स्वास्नीमान्छेलाई टेबलमाथि काखमा मृगासन लिपेर पस्किन्छ । उन्मत्त भैरव जिब्रोले टिपेर चाट्दछ । काठमाडौंका हरेक स्वस्नीमान्छेलाई भोग्दछ । | त्यो<br>ती बैलालाई<br>त्यो उन्मत्त भैरवले<br><br>तिमी |
| आऊ–<br>समर्पित हुनुपर्दछ आत्माले र शरीरले समग्रले ! | आऊ आत्मा, शरीर र समग्रले समर्पित आत्मा र शरीरले समर्पित हुनुपर्दछ । | तिमी |
| आमिन ! आमि................ | | |
| पुजारिनी !<br>किन भाँचिन्छन् लप्काहरू यज्ञकुण्डको ?<br>तिगेनजोडना !<br>काँसका थालमा उमारेको जोखानाका बोटहरूले,<br>के भन्छन् ? द्वन्द्वयुद्धमा मान्छे र बाघको,<br>तितेपातीका गन्धहरू आकाश नपुग्दै काटिएर खस्दछन्– | पुजारिनी यज्ञकुण्डका लप्काहरू किन भाँचिन्छन् ?<br>तिगेनजोडना काँसका थालमा उमारेका जोखनाका बोटहरूले के भन्छन् ?<br>मान्छे र बाघको द्वन्द्वयुद्धमा तितेपातीका गन्धहरू काटिएर | हे !<br><br>तिम्रा ...ले<br>ती, ... के भन्छन् ?<br>युद्ध कसले जित्छ ?<br>कि मान्छे पराजित हुँदा |
| झङ् झङ् झङ्<br>रेखा उचालेर लक्ष्मणरेखा उचालेर<br>राजा चाल्स र मादाम द मोन्तेस्पान्<br>घुस्रिसकेछन् कि इतिहासमा फेरि पछिल्तिरबाट ? | आकाश नपुग्दै खस्दछन् । इतिहासमा पछिल्तिरबाट फेरि राजा चाल्स र मादाम द मोन्तेस्पानहरू लक्ष्मणरेखा उचालेर घुस्रिसकेछन् । | त्यो सत्वको<br>द्वय<br>क्या हो |
| झङ् झङ् झङ् | | |
| अनुहार समातेर हेर, हे ! पुजारिनी !<br>फेरि पुरोहित र लार्डहरूले गेष्टपोका प्रेत आङ चढाएर<br>रात्रिक्लब र क्लाइबडेनका जलाशयमा वेश्या चढाएर<br>डायनासिएसको वेदीमा<br>फेरि झुक्याइदिएछन् कि त इतिहासलाई ? | पुजारिनी अनुहार समातेर हेर ।<br>पुरोहित र लार्डहरूले रात्रीक्लब र क्लाइबडेनका जलाशयमा गेष्टोका प्रेत आङ चढाए ।<br>डायनासियसको वेदीमा कि त इतिहासलाई फेरि झुक्याइदिएछन् । | तिमी आफ्नो<br>तिम्रा<br>ती<br>त्यो<br>हामीलाई, ... हाम्रो |
| झङ् झङ्<br>झङ् झङ् | | |
| पिट्दै छालहरूको पिट्दै<br>हिर्काउँदै मुड्कीले युद्धहरूले हिर्काउँदै<br>अँध्यारो बैलाएर डुबाउन उर्लिरहेछ<br>............. यो विद्रोहको उत्सव<br>किन भाग्दछौ ए उखेल्लिँदै रूखहरू रेखामा | छालहरू, युद्धहरू मुड्किले पिट्दै हिर्काउँदै बैलाएर डुबाउन उर्लिरहेछ ।<br>ए यो विद्रोहको उत्सव उखेल्लिँदा रूखहरूका रेखामा किन भाग्दछौ ? | आफैंलाई<br>आफैंलाई, आफैंलाई<br>यहाँ<br>... मा<br>तिमी, ...को, किन भाग्दछौ |
| हरे, डायनासिएस !<br>आँधीले पिठ्यूँमा घचेटेर<br>यी कापहरूबाट अँजुलीको शून्यमा चुहिए | हरे ! डायनासियस आँधीले पिठ्यूँमा घचेटेर अँजुलीका यी कापहरूबाट शून्यमा बीउहरू चुहिए । | |

| | | |
|---|---|---|
| बीउहरू ! | | तिम्रो |
| चुहिए बीउहरू !<br>चिथरेर पेटभरि खडेरीले<br>बारीलाई पिट्छन् लाछिँदै खसेका असङ्ख्य हातहरू !<br>तुहिए वृष्टिहरू ! तुहिए सृष्टिहरू !<br>झङ्<br>झङ्<br>झङ्<br>हरे, आज पनि बियाड राखिएन ! | पेटभरि खडेरीले चिथरेर बीउहरू चुहिए।<br>लाछिँदै झरेका असङ्ख्य हातहरू बारीलाई पिट्छन्।<br>वृष्टि र सृष्टिहरू चुहिए।<br>हरे आज पनि बियाड राखिएन। | मेरा, तिम्रा<br><br>यहाँ<br>तिम्रो<br>यहाँ<br>यहाँ, यहाँ<br><br><br><br><br>यहाँ |
| पुजारिनी !<br>मृत्यु दरो बनेर रिङ्गै मुख बिट मारेको छ जिन्दगीको हिजो<br>सम्भावनाको टुप्पा बारेको छ जिन्दगीको, हिजा बाँधाफल खुवाएर त्यस पापी साँपले | पुजारिनी रिङ्गै मुख हिजो मृत्यर दरो बुनेर जिन्दगीको बिट मारेको छ।<br>त्यस पापी साँपले हिजो बाँधाफल खुवाएर जिन्दगीको सम्भावनाको टुप्पा बारेको छ। | हे !<br>हाम्रो<br>सारा<br>हामीलाई |
| फेरि झुक्याएको छ गिलगमेशलाई, हिजो<br>त्यो अमरत्वको फुल चोरेर<br>क्षीरसागरको गर्भ–उधिनेर जितेको फुल<br>तेस पापी साँपले...... | हिजो क्षीरसागरको गर्भ उधिनेर जितेको त्यो अमरत्वको फूल चोरेर त्यस पापी साँपले गिलगमेशलाई फेरि झुक्याएको छ। | त्यसले<br>तिम्रो<br>तिमीले<br>त्यसले फेरि झुक्याएको छ |
| हरे, जीवनबाट उम्कन असमर्थ छन् मानिस !<br>स्वतन्त्र, केवल स्वतन्त्र हुन मानिस असमर्थ छन् ! | हरे मानिस जीवनबाट उम्कन असमर्थ छन्।<br>स्वतन्त्र, केवल स्वतन्त्र हुन मानिस असमर्थ छन्। | किन, किन<br>किन, किन |
| झङ् झङ्<br>........ झङ्......... | | |
| फर्केको छु 'साबात'बाट निधार घिसारेर उरूकनिवासी<br>रित्तो हत्केला र छालाभरि मृत्युको डाम टाँचा मारेर | उरूकनिबासी साबातबाट निधार घिसारेर फर्केको छु।<br>रित्तो हत्केला र छालाभरि मृत्युको डाम टाँचा मारेर फर्केको छु। | म, हे !<br>आफूसँग |
| झङ् | | |
| लाट्टिएर चर्चको शङ्ख ध्वनिबाट<br>काफे र रेष्टुराँबाट कोलाहलले भेदिएर<br>सब तरूणीले अभिसाप वर्नुपरेछ गर्भ तिरोहन | सब तरूनीले गर्भतिरोहनको अभिशाप वर्नुपरेछ। | हामी, बसेका छौं<br>हामी, बसेका छौं<br>आज, ... को पीडा |
| उफ् गर्भ तिरोहन | | ... को, पीडा |
| अश्वत्थामाको प्रहारले फेरि गर्भ तुहिएछ कि मेरो ?<br>आह ! मुक्ति मैरै गर्भमा तुहिएछ कि ? | कि मेरो गर्भ फेरि अश्वत्थामाको प्रहारले तुहिएछ।<br>आह ! कि मेरो मुक्ति मैरै गर्भमा तुहिएछ। | |
| ए हिरोशिमा !<br>सकिँन, वैतरिणी तार्न सकिँन तिमीलाई !<br>इडेनको बगैँचामा<br>बाँधाफल टिपेर, हिजो | ए ! हिरोशिमा तिमीलाई वैतरिणी तार्न सकिन।<br>हाम्रो त्यही बुद्धिले हिजो इडेनको बगैंचामा बाँधा फल टिपेर कल्की सिउरेको | मैले, मैले<br>त्यो |

| | | |
|---|---|---|
| कल्की सिउरेको श्रीपेचभरि बुद्धिले–<br>हाम्रो त्यही बुद्धिले–<br>अब फर्केर हाम्रै छाती भत्काउँछ इन्द्रचोकमा ईंटहरूमा !<br>हातहरू प्रयोगशालाभित्र–<br>बुमेराँग, केवल बुमेराँग बनाउँछन्, आजकल !<br>मेरा उरूकनिवासी !<br>ए मानिस हो बचाइन तिमीलाई बाँच्नुबाट ! | श्रीपेचभरि फर्केर इन्द्रचोकका ईँटहरूमा हाम्रै छाती भत्काउँछ ।<br>आजकल हातहरू प्रयोगशालाभित्र बुमेराँग केवल बुमेराँग बनाउँछन् ।<br>ए मेरा उरूकनिवबसी मानिस हो तिमीलाई बाँच्नुबाट बचाइन । | ठोकेर<br>हाम्रा<br>हे !<br>मैले<br>ती |
| तरूणीहरू<br>नील नदीमा खुट्टा धुँदै<br>यन्त्र, केवल यन्त्र ब्याउँछन्, आजकल<br>झङ्<br>झङ्<br>झङ्<br>ऐना फुटे........... | आजकल तरूनीहरू नीलनदीमा खुट्टा धुँदै केबल यन्त्र ब्याउँछन् । | |
| आँगभरि टाँगेको एक मान्छे उचाइका ऐनाहरू फुटे.......<br>ऐनाले टिपेर ऐनालाई दिँदै प्रतिबिम्बहरू<br>सास फेर्नु ठूलो कष्ट पारेको स्थिति....... | ठूलो सास फेर्न पारेको त्यो परदर्शकस्थिति आँखाबाट फुट्यो । | ...का, ऐनाहरू फुटे<br>ती<br>कष्ट<br>त्यो, ...बाट |
| पारदर्शक स्थिति आँखा खसेर फुट्यो.......<br>त्यो ओएसिस फुट्यो र बुच्चियो यौटा बालुवा कणले !<br>प्रिज्म फुट्यो !<br>फब्लेँटोफब्लेँटो रङ्गमा ढले जिन्दगीका थामहरू ! | यौटा बालुवाकणले ओएसिस र पिृज्म लुटेर बुच्चियो ।<br>जिन्दगीका थामहरू फब्लेँटोफब्लेँटो रङ्गमा ढले । | पनि<br>सारा |
| खुम्चियो कोठा एक स्लाइस रोटीको भूगोलमा !<br>अब रोटीको घाइते खुम्चाइमा पनि थुनिएर<br>ढुँढीमा स्याउँस्याउँती उम्रिन्छन् मानिसहरू,<br>अनि रेखामा घिस्रिन्छन् अपाहिज आकृतिहरू,<br>हान्निएर अँध्यारोले गाँज्ला कि ?–<br>‘साबात’ को थाङ्नामा पोखिएका आँखाहरू,<br>मृत र अद्धमृत रेनेसामा हात र खुट्टाहरू,<br>जङ्गल, केवल जङ्गल उमार्दछन् जङ्गल !<br>पराजित युद्धको खण्डहर उचालेर चेप्टा मान्छेमा<br>मान्छे मान्छे उफ् ! यो मान्छेमान्छेको जङ्गल<br>शिकार जाँदा कतै झारी हराएको छ आफूलाई<br>उफ् ! यो मान्छेको जङ्गल ! | अँध्यारोले कि हान्निएर गाँज्ला ।<br>स्लाइस रोटीको भूगोलमा एककोठा खुम्चियो ।<br>रोटीको घाइते खुम्चाइमा थुनिएर पनि अब मानिसहरू ढुँढीमा स्याउँस्याउँती उम्रिन्छन् ।<br>अपाहिज आकृतिहरू रेखामा घिस्रिन्छन् ।<br>साबातको थाङ्नामा पोखिएका आँखा, मृत र अद्र्धमृत रेनेसाका हातखुट्टाहरू केबल जङ्गल उमार्दछन् ।<br>उफ ! यो मान्छेमान्छेको चेप्टा जङ्गलमा पराजिय युद्धको खण्डहर उचालेर शिकार जाँदा आफूलाई कतै झारी हराएको छु । | सबै<br>मान्छे<br>अब<br>त्यो<br>ती<br>तिनीहरू<br>यहीं<br>ओहा !<br>मान्छेले<br>... मान्छेको |
| तिगेनजोङना<br>आँखाले चेप समयलाई भूइँसम्म तानेर,<br>हो, गँगटाले चेप,<br>ढुङ्गाले कस मुट्ठीलाई बिच्किन्छ कि<br>धुक्धुकी, विश्वासको जोखनाको बोटबाट,<br>हो, ढुङ्गाले कस मुट्ठीलाई ! | तिगेनजोङा आँखाले समयलाई भुइँसम्म तानेर चेप ।<br>गँगटाले चेपे झैं ढुङ्गाले मुट्ठीलाई कस ।<br>हो जोखनाको बोटबाट विश्वासको ढुङ्गाले मुट्ठीलाई कस । | तिम्रा<br>झैं<br>थिचे झैं ... भनेर<br>रोकेर ... साझा<br>थिचे झैं |

| | | |
|---|---|---|
| खोइ बाटाहरू !<br>कसले अँगालोमा बिटा पारेर<br>झोमिदियो खण्डवदाहमा नयाँ सडकहरू ! | खोइ नयाँ बाटा, सडकहरू अँगालोमा बिटा पारेर कसलाई खण्डवदाहमा होमिदियो। | हाम्रा<br>तिनलाई<br>त्यो |
| आँखाभरि पर्वत उमारेर सगरमाथाको उचाइ उक्लिरहेका<br>शान्तिको पदयात्रामा हजारौं सशरीर हस्ताक्षरसित<br>कसले होमिदियो मेरो घर ग्याँसच्याम्बरमा ? | शान्तिको पदयात्रामा आँखाभरि पर्वा उमारेर हस्ताक्षरसित हजारौं सशरीर सगरमाथाको उचाइ उक्लिरहेका छन्।<br>मेरो घर ग्याँसच्याम्बामा कसले होमिदियो। | आशातित् ... सबै<br>निस्केका |
| हरे मेरो घरको हत्या भइसक्यो..........<br>घर खोज्दै बित्दछ कि त आयु उप्किएर........ | हरे ! मेरो घरको हत्या भइसक्यो।<br>कि त आयु उप्किएर घर खोज्दै बित्दछ। | आज<br>मेरो, घर खोज्दै बित्दछ कि |
| कत्ति पिरोलेको हो.........<br>आफ्नो निजीपनको अनुपस्थितिले आफ्नै पैतालामा, घरमा,<br>उफ् ! हाड चपाउँछ..........<br>लुलो–लुलो गलाउँछ र थुपार्दछ मासु कुर्सीभरि.........<br>शयनकक्षको सिरानबाट<br>वीनसको संगमरमरको चलबलाउँदो पाखुरामा चोबलेर<br>कहाँबाट डाक्दछ.....कहाँबाट डाक्दछ..........<br>दुलहीका कमला औंलाहरूमा उभ्भिएर... नोष्टालजिया !<br>–नोष्टालजिया !<br>–नोष्टालजिया ! | आफ्नो निजीपनको अनुपस्थितिले आफ्नै पैंताला र घरमा कत्ति पिरोलेको हो।<br>उफ ! हाड चपाउँछ।<br>लुलोलुलो मासु कुर्सीभरि थुपार्दछ र गलाउँछ । वीनसको संगमरमरको शयनकक्षको सिरानबाट चलबलाउँदो पाखुरामा समातेर कहाँबाट डाक्दछ।<br>नोष्टालजिया दुलहीका कमला औंलाहरूमा उभिएर डाक्दछ। | त्यसले, कत्ति पिरोलेको हो<br>आफ्नै<br>आफ्नै<br>आफ्नै<br>मासु आफ्नै कुर्सीभरि<br>चियाउँदै<br>कौमार्य<br>त्यसले<br><br>कहाँबाट डाक्दछ ! |
| होइन कि त आफू–<br>जो थिचेको छु पैतालाले टेकेर !<br>आफैंबाट निर्वासित भएर बित्दछ कि शताब्दीहरू.......... | जो पैतालाले टेकेर थिचेको छु कि त आफू होइन।<br>कि शताब्दीहरू आफैंबाट निर्वासित भएर बित्दछ। | मैले<br><br>म ... मेरा |
| उफ् ! कति पिरोलेको हो....... | उफ ! कति पिरोलेको हो। | मलाई, मलाई कति पिरोलेको हो |

## कवितामा विचलन

प्रचलित व्याकरणात्मक नियमभन्दा भिन्न अर्थात् व्याकरणात्मक नियममाथिको अतिक्रमण नै विचलन हो। साहित्यमा नियमहरूको सार्थक अतिक्रमण गरी भाषिक सौन्दर्य र नयाँ सम्भावनाको खोजी गरिन्छ। विचलनले गीति सङ्कथनमा लयात्मकता सिर्जना गर्छ। काइँलाको अस्तित्वको दाबीमा सबातको बैला उत्सव काव्यिक सङ्कथनमा व्याकरणिक विचलनका माध्यमबाट मुक्तलयको सिर्जना भएको छ। प्रस्तुत कवितामा प्रचलित व्याकरणिक नयमको उल्लङ्घन गरी सृजित विचलनको स्वरूप पङ्क्तिगत रूपमा निम्नलिखितअनुसारको हुनआउँछ :

> रातको लम्बाइ, चौडाइ र उचाइ जन्तरले बाँधेर राखेको छ।
> जिन्दगीको आयातन वरिपरि वीजाक्षरहरुको रेखी हालेर राखेको छ।

जो युक्लिस्टसका झ्याङ्हरु झोल्लिएको बूढो रुखको पखामा हामी छौं।
नाचौं, हामी अकाल र बैलाहरुको विरुद्ध नाचौं।
जो खाटमाथि शुन्य ओछयाएर फिलाहरुमा निन्द्रा चेपेर विस्मृत छौं।
माटाका खपटामा भाँच्चिएका चौकोसमा क्षयग्रस्त हस्तिहाडमा खण्डहर खनेर अनस्तित्वको विरुद्ध नाचौं।
कि कतै आफैं भेटिन्छ।
कठवाँसको लिङ्ग वरिपरि मान्छे रोपेर आफैंभित्रको निर्वासनको विरुद्ध पनि नाचौं।

पोथ्राहरुमा दौडिंदै सङ्गीत उम्रिऊन्।
पेपिरसका पतहरुमा आर्केष्टाका टुक्राहरु बर्सुन्।

फुट्न लागेका कोपिलाले कौमार्य चेपेर एक चप्परी माटोमा अर्पण गर्दछु त्यो ग्रहण गर।
हे ! डायनासियस दुष्मनहरु, शुन्य, दुष्ट र क्रुरहरु तथा अकाल र बैलाहरु तर्सिऊन।

लेउ चटाएर हरियो भ्यागुतोमा भाइलोसको फिलिपलाई भोग दिन्छु।

बलियो मासु अङ्कमालले चुर्लुम्म डुबाऊ।
म आफू र चोख्खो बैस झ्यासको फूल चढाएर तिम्रो पुरुषमा उनिदिन्छु।
म खेतभरि निधार र जिब्रोतिर सिन्दूर चाटेर भिजिदिन्छु।

आह ! कोठाभरि भुइँमा धरती ओछयाएर बोकाको जिब्रोले चाट्दै मूल फुटोस्।

पृथ्वीको कापकापबाट पड्किंदै बाग्मती उम्रिऊन्।

अस्तित्वको चुच्चोले शून्यको खपटा फुटाएर आऊ।
आत्मा शरीर र समग्रले समर्पित हुनुपर्दछ।
उन्मत्त भैरव स्वास्नीमान्छेलाई टेबलमाथि काखमा मृगासन लिपेर पस्किन्छ।
उन्मत्त भैरव जिब्रोले टिपेर चाट्दछ।
काठमाडौंका हरेक स्वस्नीमान्छेलाई भोग्दछ।
आऊ आत्मा, शरीर र समग्रले समर्पित हुनुपर्दछ।
पुजारिनी यज्ञकुण्डका लप्काहरु किन भाँचिन्छन् ?

तिगेनजोडना काँसका थालमा उमारेका जोखनाका बोटहरुले के भन्छन् ?
मान्छे र बाघको द्वन्द्वयुद्धमा तितेपातीका गन्धहरु काटिएर आकाश नपुग्दै खस्दछन्।
इतिहासमा पछिल्तिरबाट फेरि राजा चाल्र्स र मादाम द मोन्तेस्पानहरु लक्ष्मणरेखा उचालेर घुस्रिसकेछन्।
पुजारिनी अनुहार समातेर हेर।

पुरोहित र लार्डहरुले रात्रीक्लब र क्लाइबडेनका जलाशयमा गेष्टोका प्रेत आङ चढाए।
डायनासियसको वेदीमा कि त इतिहासलाई फेरि झुक्याइदिएछन्।
छालहरु, युद्धहरु मुड्किले पिट्दै हिर्काउँदै बैलाएर डुबाउन उर्लिरहेछ।
ए यो विद्रोहको उत्सव उखेल्लिँदा रुखहरुका रेखामा किन भाग्दछौ ?

हरे ! डायनासियस आँधीले पिठ्यूँमा घचेटेर अँजुलीका यी कापहरुबाट शून्यमा बीउहरु चुहिए।
पेटभरि खडेरीले चिथरेर बीउहरु चुहिए।
लाछिँदै झरेका असङ्ख्य हातहरु बारीलाई पिट्छन्।
वृष्टि र सृष्टिहरु चुहिए।

हरे आज पनि बियाड राखिएन।
पुजारिनी रिङ्गै मुख हिजो मृत्यर दरो बुनेर जिन्दगीको बिट मारेको छ।

त्यस पापी साँपले हिजो बाँधाफल खुवाएर जिन्दगीको सम्भावनाको टुप्पा बारेको छ।
हिजो क्षीरसागरको गर्भ उधिनेर जितेको त्यो अमरत्वको फूल चोरेर त्यस पापी साँपले गिलगमेशलाई फेरि झुक्याएको छ।
हरे मानिस जस्वनबाट उम्कन असमर्थ छन्।
स्वतन्त्र, केवल स्वतन्त्र हुन मानिस असमर्थ छन्।
उरुकनिबासी साबातबाट निधार घिसारेर फर्केको छु।
रित्तो हत्केला र छालाभरि मृत्युको डाम टाँचा मारेर फर्केको छु।
सब तरुनीले गर्भतिरोहनको अभिशाप वर्नुपरेछ।
कि मेरो गर्भ फेरि अश्वत्थामाको प्रहारले तुहिएछ।
आह ! कि मेरो मुक्ति मेरै गर्भमा तुहिएछ।
ए ! हिरोशिमा तिमीलाई वैतरिणी तार्न सकिन।
हाम्रो त्यही बुद्धिले हिजो इडेनको बगैंचामा बाँधा फल टिपेर कल्की सिउरेको श्रीपेचभरि फर्केर इन्द्रचोकका ईँटहरुमा हाम्रै छाती भत्काउँछ।
आजकल हातहरु प्रयोगशालाभित्र बुमेराँग केवल बुमेराँग बनाउँछन्।
ए मेरा उरुकनिवबसी मानिस हो तिमीलाई बाँच्नुबाट बचाइन।

आजकल तरुनीहरु नीलनदीमा खुट्टा धुँदै केबल यन्त्र ब्याउँछन्।
ठूलो सास फेर्न पारेको त्यो परदर्शकस्थिति आँखाबाट फुट्यो।
यौटा बालुवाकणले ओएसिस र पि्रज्म लुटेर बुच्चियो ।
जिन्दगीका थामहरु फब्लेँटोफब्लेँटो रङ्गमा ढले।
अँध्यारोले कि हान्निएर गाँज्ला।
स्लाइस रोटीको भूगोलमा एककोठा खुम्चियो।
रोटीको घाइते खुम्चाइमा थुनिएर पनि अब मानिसहरु ढुँढीमा स्याउँस्याउँती उम्रिन्छन्।
अपाहिज आकृतिहरु रेखामा घिस्रिन्छन्।
साबातको थाङ्नामा पोखिएका आँखा, मृत र अर्द्धमृत रेनेसाका हातखुट्टाहरु केबल जङ्गल उमार्दछन्।
उफ ! यो मान्छेमान्छेको चेप्टा जङ्गलमा पराजिय युद्धको खण्डहर उचालेर शिकार जाँदा आफूलाई कतै झारी हराएको छु।
तिगेनजोङा आँखाले समयलाई भुइँसम्म तानेर चेप।
गँगटाले चेपे झैं ढुङ्गाले मुठ्ठीलाई कस।
हो जोखनाको बोटबाट विश्वासको ढुङ्गाले मुठ्ठीलाई कस।
खोइ नयाँ बाटा, सडकहरु अँगालोमा बिटा पारेर कसलाई खण्डवदाहमा होमिदियो।

शान्तिको पदयात्रामा आँखाभरि पर्वा उमारेर हस्ताक्षरसित हजारौं सशरीर सगरमाथाको उचाइ उक्लिरहेका छन् ।
मेरो घर ग्याँसच्याम्बामा कसले होमिदियो ।
हरे ! मेरो घरको हत्या भइसक्यो ।

कि त आयु उफ्किएर घर खोज्दै बित्दछ ।
आफ्नो निजीपनको अनुपस्थितिले आफ्नै पैंताला र घरमा कत्ति पिरोलेको हो ।
उफ ! हाड चपाउँछ ।
लुलोलुलो मासु कुर्सीभरि थुपार्दछ र गलाउँछ ।
वीनसको संगमरमरको शयनकक्षको सिरानबाट चलबलाउँदो पाखुरामा समातेर कहाँबाट डाक्दछ ।
नोष्टालजिया दुलहीका कमला औंलाहरुमा उभिएर डाक्दछ ।
जो पैंतालाले टेकेर थिचेको छु कि त आफू होइन ।
कि शताब्दीहरु आफैंबाट निर्वासित भएर बित्दछ ।
उफ ! कति पिरोलेको हो ।

मानक नेपाली व्याकरणअनुसार यसका भाषिक नियमक्रमको उल्ल्घन गरी आल्कारिकता सिर्जना गरिएको प्रस्तुत कविताका उपर्युक्त मानकस्वरूपका तुलनामा पर्याप्त विचलन गरिएको छ । कविता रचनाका क्रममा अवलम्बन गरिएको यस विचलन काव्यिक लयनिर्मितिका लागि उपयुक्त र प्रभावकारी माध्यम बनेको छ ।

**कवितामा लोप**

कवितामा प्रयोग भएका भाषिक संरचनालाई पटकपटक प्रयोग नगरी अर्थ ग्रहण गर्ने प्रक्रियालाई लोप भनिन्छ । विलोपनमा अर्थका सहचार सम्बन्ध भने रहिरहेको हुन्छ तर भाषिक संरचनामा भने उपस्थित हुँदैन । प्रस्तुत कवितामा कविनिबद्धप्रौढोक्ति समाख्याता म पात्रद्वारा काव्यिक सङ्कथनको अभिव्यक्ति भएको छ । यस कविताको अध्ययन गर्दा प्रायः सबै पङ्क्तिमा शब्दहरूको लोप भएको छ । यस कविताको पहिलो खण्डको दोस्रो अनुच्छेदकोपहिलो र दोस्रो पङ्क्तिमा संयुक्त रूपमा राखेको छ तथा दोस्रो पङ्क्ति सुरूमा समाख्याता लाई सङ्केत गर्ने मैले तथा अन्त्यमा राखेको छ विलोपित रहेका छन् । तेस्रो अनुच्छेदको पहिलो पङ्क्तिमा समाख्यातासूचक म/हामी तथा तेस्रो पङ्क्तिमा पनि सोही शब्द विलोपित रहेको देखिन्छ । चौथो अनुच्छेदमा पूर्वपर समख्याता शब्द पहिलो र तेस्रो पङ्क्तिमा हामी चौथो र पाचौं पङ्क्तिमा नाचौं क्रियापद सातौंमा समाख्याता हामी तथा आठौं पङ्क्तिको अन्त्यमा नाचौं क्रियापद विलोपित भई लयविधानमा प्रभावकारी भूमिका निर्वाह गरेका छन् । छैठौं अनुच्छेदको पहिलो पङ्क्तिमा धरतीका, दोस्रोमा सिर्जनाका तथा बजून् क्रियापद तथा तेस्रो पङ्क्तिको अन्त्यमा आर्केष्ट्राका टुक्राहरू बजून् उपवाक्यको लोप भएको देखिन्छ । सातौं अनुच्छेद तिमी सर्वनाम लोप भएको छ । आठौं अनुच्छेदको पहिलो पङ्क्तिमा समाख्याता म, दोस्रोमा सर्वनाम ती, चौथोमा सर्वनाम तिमीबाट र ती लोप भएका छन् । दशौं अनुच्छेदको पहिलो पङ्क्तिमा समाख्याता म र दूरवाची सर्वनाम त्यो, दोस्रो र तेस्रो पङ्क्तिको अन्त्यमा दिन्छु क्रियापद लोप भएको पाइन्छ । एघारौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा तिमी, दोस्रो पङ्क्तिको सुरूमा समाख्याता म, तथा बीचमा यो सर्वनाम, तेस्रो पङ्क्तिको अन्त्यमा सुरूमा पुनः समाख्याता म, चौथो पङ्क्तिको सुरूमा तिम्रो विशेषण र अन्त्यमा चाटिदिन्छु क्रियापद एवं पाँचौं पङ्क्तिको अन्त्यमा भिजाइदिन्छु क्रियापद लोप भएका छन् । बाह्रौं अनुच्छेदको सुरू र बीचमा तिमी सर्वनाम लोप भएको छ । तेह्रौं अनुच्छेदको पहिलो पङ्क्तिमा सुरूको तिमी विशेषण र अन्त्यको लाई विभक्ति, दोस्रो पङ्क्तिको सुरूको को विभक्ति र ओछ्यान नाम, तेस्रो पङ्क्तिको तिमीलाई सर्वनाम तथा चौथो पङ्क्तिको सुरूमा तिम्रो शरीरबाट नामिक पद तथा अन्त्यमा तिम्रो शरीरबाट मूल फुटोस् भन्ने वाक्य विलुप्त भएका छन् । चौधौं अनुच्छेदको सुरूमा तिम्रो विशेषण, बीचमा

कापबाट नदी, तथा निस्किए जस्तै क्रियाविशेषण पदावली लोप भएका छन् । पन्ध्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा त्यहीं विशेषण, दोस्रो पङ्क्तिको सुरूमा तिमीलाई सर्वनाम, र बीचमा तिम्रो विशेषण, तेस्रो पङ्क्तिको सुरूमा तिमी सर्वनाम तथा चौथो पङ्क्तिको सुरूको हामी निजवाचक सर्वनाम लोप भएका छन् । सोह्रौं अनुच्छेदमा सम्बोधन कारक हे लोप भएको छ भने अठारौं अनुच्छेदको पहिलो पङ्क्तिमा तिम्रो विशेषण, दोस्रो पङ्क्तिमा त्यो विशेषण, तेस्रोमा ती बैलालाई नाम पदावली तथा चोथोमा त्यो उन्मत्त भैरवले पदावली लोप भएको छ । उन्नाईसौं अनुच्छेदको पहिलो र दोस्रो पङ्क्तिको सुरूमा तिमी विशेषण लोप भएका छन् ।

दोस्रो खण्डको पहिलो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूको सम्बोधन कारक हे, तेस्रो पङ्क्तिको सुरूमा तिम्रो विशेषण र अन्त्यमा ले विभक्ति, चौथो पङ्क्तिमा सुरूमा ती सर्वनाम र अन्त्यमा के भन्छन् प्रश्नसूचक वाक्य, पाँचौं पङ्क्तिको अन्त्यमा युद्ध कसले जित्छ उपवाक्य तथा छैठौं पङ्क्तिको सुरूमा कि मान्छे पराजित हुँदा पदावली लोप भएको देखिन्छ । तेस्रो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा त्यो सत्वको विशेषण, दोस्रो पङ्क्तिको अन्त्यमा द्वय विशेषण, तथा तेस्रो पङ्क्तिको बीचमा क्या हो संदेहवाचक विशेषण लोप भएको छ । पाचौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा तिमी सर्वनाम, आफ्नो विशेषण, दोस्रो पङ्क्तिको बीचमा तिम्रा विशेषण, तेस्रो पङ्क्तिको सुरूमा ती सर्वनाम, चौथो पङ्क्तिको त्यो विशेषण र पाँचौं पङ्क्तिको बीचमा हामीलाई निजवाचक सर्वनाम र हाम्रो विशेषण लोप भएका छन् । छैठौं अनुच्छेदको पहिलो पङ्क्तिमा आफैंलाई सर्वनाम, दोस्रो पङ्क्तिको सुरूमा र बीचमा त्यसैको निरन्तरता, तेस्रो पङ्क्तिको सुरूमा यहाँ विशेषण, चौथो पङ्क्तिको अन्त्यमा मा विभक्ति तथा छैठौं पङ्क्तिको सुरूमा तिमी सर्वनाम, बीचमा को विभक्ति तथा अन्त्यमा किन माग्दछौ प्रश्नसूचक उपवाक्य लोप भएको छ । कविताको तेस्रो खण्डको पहिलो अनुच्छेदको दास्रो र तेस्रो पङ्क्तिको बीच र अन्त्यमा तिम्रो विशेषण तथा तेस्रो पङ्क्तिको सुरूमा मेरो तथा बीचमा तिम्रा विशेषण लोप भएको छ । दास्रो अनुच्छेदको पहिलो पङ्क्तिमा यहाँ निकटतावाची विशेषण, दोस्रो पङ्क्तिको बीचमा तिम्रो विशेषण, तेस्रो पङ्क्तिको सुरू र बीचमा तथा आठौं पङ्क्तिको सुरूमा यहाँ निकटतावादी विशेषण लोप भएको छ । चौथो खण्डको पहिलो अनुच्छेदको पहिलो पङ्क्तिमा सम्बोधनवाचक हे लोप भएको छ । यसैगरी दोस्रो पङ्क्तिमा हाम्रो र तेस्रो पङ्क्तिमा सारा विशेषण र चौथो पङ्क्तिमा हामीलाई सर्वनामको लोप भएको छ । दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा तिमीले सर्वनाम, दोस्रो पङ्क्तिको बीचमा तिम्रो विशेषण, तेस्रो पङ्क्तिको सुरूमा त्यसले सर्वनाम र चौथो पङ्क्तिमा त्यसले फेरि झुक्याएको छ वाक्यको लोप भएको छ । तेस्रो अनुच्छेदको पहिलो पङ्क्तिको बीचमा तथा दोस्रो पङ्क्तिको सुरूमा किन प्रश्नसूचक शब्द लोप भएको छ । चौथो अनुच्छेदको दोस्रो पङ्क्तिको सुरूमा म निजवाचक सर्वनाम, बीचमा सम्बोधनकारक हे ! तथा तेस्रो पङ्क्तिको सुरूमा निजवाचक आफू शब्द लोप भएको छ । छैठौं अनुच्छेदको पहिलो र दोस्रो पङ्क्तिको सुरूमा हामी सर्वनाम र अन्त्यमा बसेका छौं क्रियापदावली, तेस्रो पङ्क्तिको आज र सातौं अनुच्छेदको अन्त्यमा समान को विभक्ति र पीडा विशेषण लोप भएको छ । नवौं अनुच्छेदको दोस्रो पङ्क्तिको सुरू र बीचमा मैले सर्वनाम, तेस्रो पङ्क्तिको सुरूमा त्यो सर्वनाम, सातौं पङ्क्तिको बीचमा ठोकेर, आठौं पङ्क्तिको सुरूमा हाम्रा, दशौं पङ्क्तिको आरम्भमा हे ! एघारौं पङ्क्तिको बीचमा मैले सर्वनाम शब्दको लोप भएको छ भने दशौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा ती सर्वनाम लोप भएको छ ।

पाचौं खण्डको पहिलो अनुच्छदको पहिलो पङ्क्तिको बीचमा का विभक्ति र अन्त्यमा ऐनाहरू फुटे वाक्य, दोस्रो पङ्क्तिको सुरूमा ती सर्वनाम, तेस्रो पङ्क्तिको बीचमा कष्ट विशेषण, चौथो पङ्क्तिको सुरूमा त्यो सर्वनाम र बीचमा बाट विभक्ति, पाँचौं पङ्क्तिको सुरूमा त्यो सर्वनाम छैठौं पङ्क्तिको बीचमा पनि निपात र सातौं पङ्क्तिको बीचमा सारा विशेषण लोप भएको छ । छैठौं खण्डको पहिलो अनुच्छेदको पहिलो पङ्क्तिमा हे ! सम्बोधनकारक, दोस्रो पङ्क्तिको सुरूमा तिम्रा विशेषण, तेस्रो पङ्क्तिको बीचमा झैं उपमाकारक पद, चौथो पङ्क्तिको बीचमा थिचे झैं विशेषण, र अन्त्यमा भनेर क्रियाविशेषण, पाँचौं पङ्क्तिको सुरूमा रोकेर क्रियाविशेषण र बीचमा साझा विशेषण तथा छैठौं पङ्क्तिको बीचमा थिचे झैं उपमाकारक विशेषण लोप भएको छ । सातौं खण्डको पहिलो अनुच्छेदको पहिलो पङ्क्तिको

बीचमा हाम्रा विशेषण, दोस्रो पङ्क्तिको सुरूमा तिनलाई सर्वनाम तथा तेस्रो पङ्क्तिको बीचमा त्यो दूरवाची सर्वनाम लोप भएको छ । दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा आशातित् र बीचमा सबै विशेषण, दोस्रो पङ्क्तिको बीचमा निस्केका विशेषण तथा तेस्रो अनुच्छेदको पहिलो पङ्क्तिको बीचमा आज विशेषण र अन्त्यमा हत्या भइसक्यो उपवाक्य एवं दोस्रो पङ्क्तिको बीचमा मेरो विशेषण र घर खोज्दै बित्दछ कि वाक्यात्मक संरचनाको लोप भएको छ । आठौं खण्डको पहिलो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा त्यसले सर्वनाम र अन्त्यमा कत्ति पिरोलेको हो उपवाक्य, दोस्रो पङ्क्तिको अन्त्यमा आफ्नै विशेषण र अन्त्यमा मासु आफ्नै कुर्सीभरि पदावली, पाँचौं पङ्क्तिको अन्त्यमा चियाउँदै क्रियाविशेषण, छैठौं पङ्क्तिको अन्त्यमा कौमार्य विशेषण, सातौं पङ्क्तिको सुरूमा त्यसले सर्वनाम तथा आठौं पङ्क्तिको बीचमा कहाँबाट डाक्दछ उपवाक्य लोप भएको छ । नवौं खण्डको पहिलो अनुच्छेदको दोस्रो पङ्क्तिको सुरूमा मैले सर्वनाम, तेस्रो पङ्क्तिको सुरूमा म सर्वनाम र बीचमा मेरा विशेषण तथा चौथो पङ्क्तिको बीचमा मलाई सर्वनाम, मलाई कति पिरोलेको हो वाक्य लोप भएको छ ।

**अस्तित्वको दाबीमा साबातको बैला उत्सब लेख्यचिह्नको प्रयोग**

कवितामा काव्यिक लयको निर्माण गर्नका लागि लेख्यचिह्नले महत्त्वपूर्ण भूमिका खेल्दछ । काव्यात्मक अभिव्यक्तिभित्र गति, यति र लय निर्माणका क्रममा सिर्जना हुने आरोह–अवरोह, विश्राम, शाब्दिक आवृत्ति तथा साङ्गीतिक सुर निर्धारकको निर्देशक एकाइका रूपमा लेख्यचिह्न प्रयोग गरिएका हुन्छन् । प्रस्तुत यात्री कवितामा लयको विश्राम, भावको प्रकटीकरण तथा लयात्मक ओजको सटीक प्रस्तुतीकरणका क्रममा विविध लेख्यचिह्नको प्रयोग समुचित र सन्तुलित रूपमा भएको छ । यस कवितामा प्रयुक्त पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादिबोधक र योजक चिह्नले आन्तरिक लयविधानलाई सशक्त, गत्यात्मक, गीत्यात्मक र साङ्गीतिक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । आवृत्तिगत दृष्टिले यस कवितामा आवृत्तिगत दृष्टिले यस कवितामा सबैभन्दा बढी विश्मयसूचक चिह्न ७१, त्यसपछि क्रमशः अल्पविराम ३१, योजक २७, रिक्तस्थानसूचक २२, प्रश्नचिह्न ११, विसर्ग ३, उद्धरण र अर्धविराम २ पटक आवृत्ति भएका छन् भने पूर्णविराम १ पटक मात्र प्रयोग भएको छ । उपयुक्त लेख्यचिह्नको पुनरावृत्तिले यस कविताको काव्यिक लय निर्माण र संयोजनमा प्रभावकारी भूमिका निर्वाह गरेका छन् । कवितामा प्रयोग गरिएको अल्पविरामले लामो लयलाई असान्दर्भिक हुनबाट मुक्ति दिई लयगत चुस्तता कायम गरेको छ भने विश्मयादिबोधक चिह्नले काव्यिक लय र भाव सन्तुलनमा विविधता सिर्जना गर्न अहम् भूमिका खेलेको छ । प्रश्नवाचक चिह्नले कवितामा विद्यमान सावधिक लयलाई उत्कर्षता प्रदान गर्दै लयको भावसँगको अन्तर्सम्बन्ध गहन बनाउन समेत प्रकार्यात्मक भूमिका खेलेको देखिन्छ । विविध सन्दर्भको कलात्मक तथा लयात्मक स्थिति सिर्जना गर्न प्रयोग गरिएको योजक चिह्नले समानार्थ/अर्थान्तर भएका शब्दबीच पारस्पारिक सम्बन्ध स्थापित गर्दै समध्वन्यात्मक लय निर्माणको लागि सबल भूमिका निर्वाह गरेको छ । कवितामा प्रयुक्त रिक्ततासूचक चिह्नले लयगत आवृत्तिमा लामो विश्राम सिर्जना गरी काव्यिक सङ्कथनअन्तर्गत सिर्जना हुने गद्यकविताको लयव्यवस्थालाई निरन्तर प्रवाहित गर्न प्रभावकारी भूमिका खेलेको छ । यसप्रकार लेख्यचिह्नको उपर्युक्त प्रयोगले काव्यिक आश्वादन, गीत्यात्मकता र अन्तर्साङ्गीतिकता निर्माण गरी लयात्मक उत्कर्षता संयोजन गर्न जुन भूमिका लेख्यचिह्नको रहन्छ त्यो यस कवितामा सशक्ततापूर्वक संयोजन भएको छ ।

**निष्कर्ष**

प्रस्तुत ‘अस्तित्वको दाबीमा साबातको बैला उत्सव’ कविता आयामेली जीवनदर्शनको अभिव्यञ्जना गरिएको कविता हो । यस कवितामा जीवनको त्रिआयामिक पक्षका साथै नीवनका सूक्ष्म अनुभूतिलाई अभिव्यञ्जनावादी शैलीमा प्रस्तुत गरिएको छ । विचलनयुक्त भाषिक निर्मिति भएको यस कवितामा मुक्त लयका माध्यमबाट लयनिर्मितिले सार्थकता पाएको देखिन्छ । यस कवितामा असमान शब्दद्वारा निर्मित पङ्क्ति तथा असमान पङ्क्तियोजनाबाट निर्मित पङ्क्तिपुञ्जको विधान अवलम्बन गरिएको देखिन्छ । यस कवितामा असमान शब्दबाट

निर्मित पङ्क्ति तथा असमान पङ्क्तिबाट निर्मित पङ्क्तिपुञ्जको प्रयोगबाट लयात्मकता सिर्जना भएको छ । यस कविताका अनुच्छेल एक पङ्क्ति देखि चौध पङ्क्तिसम्म संरचनात्मक आयामका छन् । काव्यिक लयनिर्मितिमा असमान पङ्क्तिपुञ्जको विधान गरिएको यस कविताको लयसौन्दर्यका लागि यसप्रकारको संरचनात्मक ढाँचा बाधक नभई उत्पादक रहेको छ । यस कवितामा लयनिर्मितिका लागि समान ध्वनि, वर्ण, अक्षर, शब्द, पदावली, वाक्य र पङ्क्तिपुञ्जकै पुनरावृत्ति भई काव्यिक लयको सिर्जना भएको छ । यस कविताका रचनाका क्रममा पर्याप्त मात्रामा प्रचलित व्याकरणिक मानकको भञ्जन गरी आलङ्कारिक वाक्यका साथै तिनले सिर्जना गर्ने अनुप्रासीयता एवम् आलङ्कारिकता लयनिर्मितिको आधार बनेको पाइन्छ । यस कवितामा नामिक, विशेषण र क्रियापदावलीका साथै अप्रतिज्ञप्तिसूचक पदको लोप गरी काव्यिक संरचनाको निर्माण गरिएको छ । यस कवितामा लोप भएका भाषिक एकाइ अध्याहारका माध्यमबाट सजिलै बोध हुन्छन् भने यस प्रक्रियाका कारण काव्यिक अभिव्यक्ति सटिक र लयात्मक बनेको छ । यस कवितामा नेपाली व्याकरणद्वारा निर्माण गरिएका विभिन्न लेख्यचिह्नको प्रयोगबाट कवितामा विश्राम, मौनता, अन्तराल तथा शून्यताको उपस्थिति भई लयनिर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । मुक्तलयमा संरचित कवितामा लय र अन्तर्साङ्गीतिकता सिर्जना गर्नका लागि लेख्यचिह्नको भूमिका र संयोजन प्रभावकारी देखिन्छ । सारतः प्रस्तुत अस्तित्वको दाबीमा साबातको बैला उत्सव' कविता अनुच्छेद योजना र पङ्क्तिविन्यास, आवृत्ति र समानान्तरता, विचलन, लोप एवम् लेख्यचिह्नको सन्तुलित र सम्यक् प्रयोग गरी आन्तरिक लय एवम् अन्तर्साङ्गीतिकता सिर्जना भएको कविता रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

काइँला, बैरागी (२०३१). *वैरागी काइँलाका कविता*, साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६८). 'सङ्कथन विश्लेषण'. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (दोस्रो संस्क.). (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार । पृ. ५७१–५९१ ।

त्रिपाठी, वासुदेव र अन्य (२०४६). *नेपाली कविता* भाग ४, साझा प्रकाशन ।

थापा, मोहनहिमांसु (२०६६). *साहित्यपरिचय* (पाँचौं संस्क.), साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Abrams, M.H..(1999). *A glossary of Literary term* (7th ed). Heinel and Heinel.

Baldick, C. (2001). *The Concise Oxford Dictionary of Literary Terms* (2nd ed.), Oxford University Press.

Child, P. & Rose Flower.(2006). *The Routledge Dictionary of Literary terms.* (3th ed). Routledge publications. https://doi.org/10.4324/9780203462911

Cuddan, J. A.. (2013). *Dictionary of Literary Terms & Literary Theory*. (5th ed.), Wiley-Blackwell.

Muller, G. (1953). *Morphological Poetries*. U.S.A. : Blackhole Publication.

Ruben E. at.all (2014). 'Nicanor Parra: The Physicist Who Made a Significant Contribution to the Literary World'. *Hipertexto* 19 Invierno. pp. 63-82.